ठाटीकाँध गाउँपालिका

लकान्द्र ,कर्णाली प्रदेश ,दैलेख

# ठाटीकाँध गाउँपालिकाको कर्मचारी सेवा सुबिधा सम्बन्धि कार्यविधिको २०७६

ठाटीकाँध गाउपालिका लकान्द्र कार्णाली प्रदेश दैलेख
कार्यपालिकाबाट स्वीकृत मिति२०७६।०३।२८

ठाटीकाँध गाउँपालिका
लकान्द्र, दैलेख
कर्णली प्रदेश ,नेपाल
स्थानीय राजपत्र

| खण्ड २ | (सँख्या ८) | साउन, ०६ गते २०७६ साल |
|---|---|---|

भाग २

ठाटीकाँध गाउँपालिकाको गाउँ कार्यपालिकाले मिति: २०७६।०३।२८ गते स्वीकृत भएको देहाय बँमोजिमको कार्यविधि कानून स्थानीय सरकार संचालन ऐन, २०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ठाटीकाँध गाउँपालिकाको कर्मचारी सेवा सुबिधा सम्बन्धि कार्यविधिको विधेयक २०७६

ठाटीकाँध गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई चुस्त दुरुस्त गराई कर्मचारीहरुबाट हुने ढीलासुस्ति तथा भ्रष्टचारलाई निर्मुल गर्न र उनिहरु छिटोछिटो सरुवा भई जान रोकी टिकाई राख्न साथै उनीहरुको बौद्दिक क्षमतालाई गाउँपालिकाको चौतर्फि विकासमा उपयोग गर्ने हेतुले आर्थिक वर्ष २०७५।७६ को गाउँसभाले कर्मचारीहरुलाई उत्प्रेरित गर्न उनिहरुले हाल खाईपाई आएको तलब भत्ता सुविधाको अतिरिक्त थप प्रोत्साहन भत्ता प्रदान गर्न भएको निर्णय कार्यान्वयन गर्न ठाटीकाँध गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७६ को दफा ४ बँमोजिम ठाटीकाँध गाउँ कार्यपालिकाको मिति २०७६।०३।२८ गते बसेको बैठकले "ठाटीकाँध गाउँपालिकाको कर्मचारी सेवा सुबिधा सम्बन्धि कार्यविधिको विधेयक २०७६" बनाई लागु गरेको छ ।

## परिच्छेद १

## सँछिप्त नाम र प्रारम्भ

१ )सँछिप्त नाम र प्रारम्भ :- १) यो कार्यविधिको नाम "ठाटीकाँध गाउँपालिकाको कर्मचारी सेवा सुबिधा सम्बन्धि कार्यविधिको विधेयक २०७६" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

## परिच्छेद २

## परिभाषा

२ )परिभाषा :- १)विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ,

क) "गाउसभा" भन्नाले ठाटीकाँध गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले ठाटीकाँध गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ग) "गाउँ कार्यपालिकाको कार्यालय"भन्नाले ठाटीकाँध गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र सो शब्दले मातहत शाखा तथा विषयगत शाखा तथा ईकाइ र वडा कार्यालयहरुलाई समेत बुझाउँदछ ।

घ) "वडा" भन्नालेभन्नाले ठाटीकाँध गाउँपालिकाको सबै वडाहरु सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष"भन्नाले ठाटीकाँध गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

च) "उपाध्यक्ष"भन्नाले ठाटीकाँध गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

छ) "सदस्य"भन्नाले ठाटीकाँध गाउँपालिकाको सदस्य सम्झनु पर्दछ र सो शब्दले ठाटीकाँध गाउँसभाको सदस्य समेतलाई बुझाउँदछ ।

ज) "कर्मचारी" भन्नाले ठाटीकाँध गाउँपालिकाको कार्यपालिकाको गाउँ कार्यपालिकाको कार्यलयमा कार्यरत सँघबाट खटाइएको प्रमुख प्रशासकीय अधिकृत लगायत मातहत महाशाखाहरु, शाखाहरु, विषयगत ईकाइहरु तथा वडा कार्यालयहरुमा कार्यरत प्रशासनिक तथा प्राविधिक कर्मचारीहरु सम्झनु पर्दछ र सो शब्दले स्थायी वा अस्थायी सेवा करारमा कार्यरतम कर्मचारीहरुलाई समेत सम्झनु पर्दछ ।

## परिच्छेद ३

## उद्देश्य

३)उदेश्य:- १)यो कार्यविधिको उद्देश्य देहाय बँमोजिम रहेको छ ।

क) यस गाउँपालिकामा सरुवा भई आउने कर्मचारीहरु गाउँपालिकमा बस्न नचाहने हूँदा निजहरुको उत्प्रेरणा जगाईने र कर्मचारीहरुलाई गाउँपालिकामा टिकाई राख्ने ।

ख) कर्मचारीहरुबाट हुने ढीलासुस्ति तथा भ्रष्टचारजन्यकार्यलाई पूर्णरुपमा निर्मुल बनाउने ।

ग) कर्मचारीहरुको ज्ञान सिप र योग्यतालाई गाउँपालिको चौतर्फि विकासकोलागि दत्तचित्त भई लाग्न उत्प्रेरित गर्ने ।

घ) परामर्श दाता तथा विज्ञबाट गराउनु पर्ने कार्य समेत कर्मचारीहरुबाट सम्पादन गराउने ।

## परिच्छेद ४
## थप प्रोत्साहन सुविधाको व्यवस्था

४) थप प्रोत्साहन सुविधाको व्यवस्था :- १) निम्न शाखाहरुमा काम गर्ने कर्मचारीहरुलाई गाउसभाले स्वीकृतगरी तोकेअनुसार खाईपाई आएको तलब भत्ताको अतिरिक्त थप प्रोत्साहन सुविधा अनुसूची १ अनुसार प्रदान गरिनेछ ।

२) सुविधा प्राप्त गर्ने कर्मचारीलाई जुनसुकै समयमा पनि गाउँपालिकाको चौतर्फि विकासमा खटाईने छ । गाउँपालिकाले खटाएको समयमा कर्मचारी कामप्रति उत्प्रेरित भई कार्यसम्पादन गर्नु पर्नेछ । ढिलासुस्त गर्न पाईनेछैन ।

३)परामर्शदाता वा विज्ञहरु द्वारा सम्पादन हुनेकाम समेत कर्मचारीहरुबाट गराउनु परेमा समेत निजहरुले गर्नु पर्नेछ ।

४) उपदाफा १मा उल्लेखित बाहेकका फिल्डमा खटिनु पर्ने कर्मचारीहरुलाई गाउसभाले स्वीकृत गरे अनुसार वा नेपाल सरकारले तोके बँमोजिम अनुसूची २ को फिल्ड भत्ता उपलब्ध गराईनेछ ।

५) प्रमुख प्रशासकीय अधिकृत तथा अन्य शाखा प्रमुखहरुलाई गाउँसभाले स्वीकृत गरि तोके अनुसार अनुसूची ३ बँमोजिम अनुगमन खर्च, ईन्धन खर्च, सँचार खर्च, भैपरी खर्च र घरभाडा उपलब्ध गराईने छ । यस्तो खर्च उपलब्ध भएमा दोहोरो पर्नेगरि उपदफा १ को सुविधा दिईने

छैन । गाउपालिकाको बासिन्दा बाहेक बाहिरबाट आउने कर्मचारीहरुलाई गाउसभाले तोके अनुसार घरभाडा उपलब्ध गराईनेछ ।गाउँपालिकाले क्वाटर उपलब्ध गराएमा घरभाडा दिईनेछैन ।

६) अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य ल्किनिकमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले तोके अनुसार वा गाउँसभाले तोके अनुसार अनुसूची ४ को जोखिम भत्ता (Hazard Allowance) उपलब्ध गराईनेछ ।

७) महामारी वा विपद् तथा दैविप्रकोप जस्ता अत्याबश्यकीय सेवामा खटिने कर्मचारीहरुलाई निजहरुले खाईपाइ आएको तलबभत्ताको अतिरिक्त गाउँसभाले तोकेको तलबको प्रतिशत अनुसारको दरमा अनुसूची ५ मा उल्लेखित श्रेणी र तहको कर्मचारीहरुलाई थप प्रोत्साहन वा जोखिम भत्ता उपलब्ध गराईने छ ।

## परिच्छेद ५

## विविध

७) मान्य हुने :- यो कार्यविधि निर्माण हुनुभन्दा पहिला गाउसभाबाट स्वीकृत भई खाईपाई आएको थप प्रोत्साहन भत्ता यसै कार्यविधि अनुसार खाईपाई आएसरह मान्य हुनेछ ।

८ ) सँशोधन कार्यपालिकाले प्रत्येक वर्ष गाउसभाले स्वीकृत गरेको सेवा सुविधा आधारमा यो कार्यविधि सँशोधन गर्नेछ ।

## अनुसूची १

### थप प्रोत्साहन सुविधाको व्यवस्था

(दफा ४ को उपदफा १ अनुसार)

क) प्रमुख प्रशासकीय अधिकृत १०० प्रतिशत ।

ख) लेखा अधिकृत । लेखा प्रमुख १०० प्रतिशत ।

ग) प्रशासन प्रमुख । स्टोर प्रमुख १०० प्रतिशत ।

घ) प्राविधिकहरु

ईन्जिनियर २००००।००

सब ईन्जिनियर २००००।००

अशिष्टेण्ट सब ईन्जिनियर २००००।००

अनूसूची २

(दफा ४ को उपदफा ५ अनुसार)

फिल्ड भत्ता

| सिन | पद । श्रेणी।तह | फिल्ड भत्ताको दर | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत आठौं | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| २ | अधिकृत छैठौं | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| ३ | सहायक पाँचौं | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| ४ | सहायक चौथो | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| ५ | विहिन | नेपाल सरकार वा गाउसभाले तोकेको | |

अनूसूची ३

(दफा ४ को उपदफा ५ अनुसार)

| सि न | खर्च शिर्षक | प्रमुख प्रशासकीय अधिकृत | शाखा ।ईकाई प्रमुख | गाउँपालिका बाहिरका कर्मचारी |
|---|---|---|---|---|
| १ | अनुगमन खर्च, | गाउँसभाले तोके अनुसार | गाउँसभाले तोके अनुसार | |
| २ | ईन्धन खर्च, | गाउँसभाले तोके अनुसार | गाउँसभाले तोके अनुसार | |
| ३ | सँचार खर्च, | गाउँसभाले तोके अनुसार | गाउँसभाले तोके अनुसार | |
| ४ | भैपरी खर्च | गाउँसभाले तोके अनुसार | गाउँसभाले तोके अनुसार | |
| ५ | र घरभाडा | | | गाउँसभाले तोके अनुसार |

अनूसूची ४

(दफा ४ को उपदफा ६ अनुसार)

जोखिम भत्ता

| सिन | पद । श्रेणी।तह | जोखिम भत्ताको दर | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत आठौ | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| २ | अधिकृत छैठौ | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| ३ | सहायक पाँचौ | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| ४ | सहायक चौथो | नेपाल सरकार वा गाउसभाले तोकेको | |
| ५ | विहिन | नेपाल सरकार वा गाउसभाले तोकेको | |

अनूसूची ५

(दफा ४ को उपदफा ७ अनुसार)

महामारी । विपद् जोखिम प्रोत्साहन  भत्ताको

| सिन | पद । श्रेणी।तह | महामारी । विपद् जोखिम प्रोत्साहन  भत्ताको दर | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय | गाउँसभाले तोकेको प्रतिशत | |
| २ | अधिकृतआठौ | गाउँसभाले तोकेको प्रतिशत | |
| ३ | अधिकृत छैठौ।सातौ | गाउँसभाले तोकेको प्रतिशत | |
| ४ | सहायक चौथो ।पाचौ | गाउँसभाले तोकेको प्रतिशत | |
| ५ | विहिन | गाउँसभाले तोकेको प्रतिशत | |

आज्ञाले
बाबुराम नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७६।०३।२८